# उद्धारको मार्ग


लेखक

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधक

मुहम्मद इदरीस सलफी

# الطريق إلى النجاة

تأليف
عتيق الرحمن محمد إدريس خان مكي

المراجعة
محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

## सर्वाधिकार लेखकमा सुरक्षित छ ।

To connect Author: 0501372254
للتواصل مع المؤلف: 0501372254
लेखकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४
प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
नि:शुल्क वितरणको लागि मात्र

## पुस्तक पाइने ठेगाना -:

□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. 00966-0501372254
□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

हरेक प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

वास्तवमा इस्लाम प्राकृतिक धर्म हो, यसका सबै नियम कानूनहरू प्राकृतिसित शत प्रतिशत मेल खान्छन्, जब कुनै शुद्ध बुद्धि भएको मान्छे समक्ष इस्लामका अदभुत विशेषता र निर्देशनहरू प्रस्तुत गरिन्छ त त्यो मान्छे इस्लामतर्फ अवश्य आकर्षित हुन्छ, र इस्लामलाई अङ्गिकार गरी लोक परलोकमा उन्नति प्राप्त गर्छ । अनि बाबु बाजे, पुर्खा पूर्वजहरूको अन्ध विश्वासलाई त्यागी

इस्लामीय निर्देशनहरूको प्रकाश बमोजिम आफ्नो जीवन व्यतीत गर्ने प्रयास गर्छु यस्तो मलाई आभास हुन्छ ।

यसै लक्ष्य र उद्देश्यले मैले यो पुस्तक तयार पारेको छु, र इस्लामका केही अदभुत विशेषता र निर्देशनद्वारा हाम्रा पाठकहरूलाई इस्लामतर्फ आमन्त्रित गर्ने प्रयास गरेको छु ।

यो सानो पुस्तक तपाईहरू समक्ष राख्दा मलाई अति प्रसन्नताको आभास भइरहेको छ कि म यस पुस्तकद्वारा सर्वव्यापी धर्मका केही विशेषताहरू तपाईहरूको सम्मुख राख्ने सौभाग्य प्राप्त गरेको छु । इस्लामबारे भ्रमित व्यक्तिहरूलाई इस्लामीय अदभुत निर्देशनहरू सित परिचय गराउने लक्ष्य लिई इस्लामका सामान्य ज्ञान यस पुस्तकमा उल्लेख गरेको छु, आशा छ कि यस पुस्तकबाट भ्रमित व्यक्तिहरूलाई सत्मार्ग देखाउने छ, र उनीहरूको भ्रमलाई समाप्त गरी इस्लामको दर्शन गराउने छ ।

मलाई आशा छ कि यो सानो पुस्तकबाट तपाईहरूलाई सत्यको ज्ञान हुने छ। र यो पुस्तक तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ। अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मेरो र मेरो घरपरिवारका समस्त सदस्यहरूको मुक्तिको माध्यम बनाउन्, र विशेष गरी मेरो आमा बुवालाई आफ्नो विशेष कृपाको पात्र बनाउन् जहाँहरूको मोह मायालेगर्दा नै म यस योग्य भएको छु कि अल्लाहको धर्मलाई सर्वसाधारण सम्म पुऱ्याऊँ र अनभिज्ञ एवं भ्रमित व्यक्तिहरूलाई सुमार्ग देखाऊँ। हे अल्लाह हाम्रा आमा बुवा र घरका अन्य सदस्यहरूलाई मुक्ति प्रदान गरी स्वर्गमा स्थान प्रदान गर (आमीन)

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com
**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

# इस्लामको संक्षिप्त परिचय

अल्लाहले यस संसारलाई उत्पन्न गऱ्यो, अनि त्यसमा बस्ने अनेकौं प्रकारका जीवधारीहरूलाई पनि सृष्टि गऱ्यो, र त्यसै सृष्टि मध्ये सर्वश्रेष्ठ सृष्टिको उपाधिले सम्मानित मानवजाति पनि हो । जसलाई अल्लाहले आफ्नो पूजा अराधनाको लागि उत्पन्न गऱ्यो, र यसै मनुष्यको लागि सूर्य, चन्द्र, वायु, र जल थलमा भएका नगन्य वस्तुहरूलाई उत्पन्न गऱ्यो, जसबाट हामी लाभन्वित हुन्छौं ।

र मानव जातिले सत्मार्गलाई छाडेको खण्डमा अल्लाहले हाम्रो पथ प्रदर्शनको लागि आफ्नो सत्मार्ग तर्फ बोलाउने अव्हानकर्ता र संदेशवाहकहरूलाई पनि पठायो । र सबैलाई एउटा जीवन व्यतीत गर्ने पद्धति र विधान दिएर पठायो, जसलाई हामी धर्म भन्छौं । तर कुरो यो छ कि यस संसारमा अनेकौं धर्महरू छन्, र सबै धर्मका अनुयायीहरू आफूले ग्रहण गरेको धर्मलाई सत्य र

IslamHouse.com

अरुको धर्मलाई असत्य भन्छन्, र आफूलाई सुमार्गी र अरुलाई कुमार्गी भन्छन् ।

तसर्थ हामीलाई कसरी ज्ञान होस् कि कुन सत्य धर्म हो र कुन मिथ्या धर्म हो । यसको उत्तर अति सरल छ, धर्मलाई ल्याउने मान्छेको जीवनी कस्तो छ ? र जुन विधान ( धर्म ) त्यो प्रस्तुत गरेछ त्यो धर्म कस्तो छ ? यदि यसै केन्द्र विन्दुमा चिन्तन मनन् गर्नु हुन्छ भने सत्य धर्मलाई पत्तयाउनु हुनेछ । यस संसारमा अनेकौं धर्महरू छन् तर कसैलाई आफ्नो संदेष्टाको बारेमा केही थाहा छैन, जसरी **हिन्दु धर्म** यिनीहरूलाई आज सम्म यो नै थाहा छैन कि यिनीहरूको अकास्मिक ग्रन्थ **वेद** ल्याउने सन्देष्टा को हुन् । यस्तै कसैको धर्ममा थपघट गरिएको छ, जसरी **ईसाई, यहूदीहरूको धर्म** । त कसैसित मिथ्या धर्महरू छन् , जसरी **सिख, जैन** आदि । त कसैको धर्मलाई मनुष्यले नामाकरण गरेका छन् , जसरी **बौद्ध धर्म** आदि ।

अब प्रश्न यो उठछ कि के यस संसारमा कुनै यस्तो धर्म पनि छ जुन यो सबै दोष र खोटबाट मुक्त छ ?

हो, छ र मात्र एउटै छ जसमा कुनै खोट र बाङ्गोपना छैन। जसको विधान सर्वमान्य छ, जसका निर्देशनहरू प्राकृतिक छन्, जसको संदेष्टा समस्त सन्देष्टाहरूको समापक हुन्, जसको ग्रन्थ अन्तिम अकास्मिक ग्रन्थ हो, र जुन धर्म स्वयम् यस संसारको विधाताले निर्माण गरेका छन् र सम्पूर्ण संसारको लागि संविधान बनाएर पठाएका हुन्, र त्यो धर्म हो **इस्लाम** ।

यस धर्मलाई ल्याउने संदेष्टाको जीवनी उस्तै प्रकाशमान छ जसरी सूर्य । र उहाँले ल्याएको विधान आज सम्म उस्तै छ जस्तो कि आजदेखि लगभग १४०० वर्ष अघि थियो, त्यसमा आज सम्म एक कणको जति पनि थपघट भएको छैन ।

इस्लाम सर्वव्यापी धर्म हो, यसको नाम कुनै व्यक्तिको नाममा राखिएको हैन जस्तो कि बौद्ध धर्म गौतम बुद्धको नाममा राखिएको छ। र इस्लाम धर्म कुनै विशेष ठाउँ जग्गा र स्थानको नाममा पनि राखिएको होइन जस्तो कि हिन्दु धर्मको नाउँ हिन्दुस्तानको नाममा राखिएको छ, बरु यो धर्म त परम् पूज्यको धर्म हो यसको नामाकरण हाम्रो

पालनकर्ताले गर्नु भएको छ। अल्लाहको फर्मान छ :

अर्थ : आज मैले तिम्रो लागि तिम्रो धर्मलाई पूर्ण गरिदिएँ र आफ्नो अनुकम्पाहरू तिमी माथि पूर्ण गरिदिएँ, र तिमीहरूको लागि इस्लाम धर्मलाई रोजें। ( सूरतुल् माइदः ३ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

अर्थ : र जुन सुकैले पनि इस्लाम बाहेक कुनै आर्को धर्मलाई अङ्गीकार गर्छ भने अल्लाह त्यसलाई कदापि स्वीकार गर्ने छैनन्। ( सूरतु आले इम्रान ८५ )

अर्थात इस्लाम नै त्यो प्राकृतिक धर्म हो जसको खोजी हामी गरिरहेका छौं, र यसै धर्ममा त्यो शान्ति छ जसको खोजीमा पूर्ण संसार विगतदेखि नै छ , किनकि इस्लामको अर्थ हो आत्म समर्पण, शान्ति, आफ्नो इच्छालाई अल्लाहको निर्देशन माथि निर्भर गर्नु, र उसको इच्छा माथि समर्पित गर्नु नै इस्लाम हो। र सबैलाई शान्तिको पाठ पढाउनुको नै इस्लाममा आदेश छ।

यो इस्लाम कुनै नौलो धर्म होइन बरु आदमदेखि जति संदेष्टा पनि पठाइए सबैको धर्म इस्लाम नै थियो हाँ उनीहरूको विधानमा ( शरीअतमा ) केही भिन्नता थियो । जसरी पूजा गर्ने विधि, व्रत बस्ने विधि, तर मूल सिक्षा र उद्देश्य एउटै थियो । जस्तो कि अल्लाहको फर्मान छ :

अर्थ : हामीले हरेक समुदायमा पैगम्बर ( सन्देशवाहक) पठायौं कि मानिसहरू अल्लाहकै पूजा गरुन्, र उस बाहेक अन्य समस्त पुज्यहरूलाई त्यागिहालुन् अनि तिनीहरू मध्ये केही यस्ता छन्, जसलाई अल्लाहले मार्ग दर्शन गऱ्यो र केही यस्ता छन जो मार्ग बिचलनमा परे । तसर्थ तिमी स्वयम् पृथ्वीमा घुमफिर गरेर हेरिहाल कि (सत्यलाई) झुठो भन्नेहरूको परिणाम कस्तो भयो ? ( सूरतुन् नहल ३६ )

र यस्तै हिन्दुहरूको ग्रन्थ ऋगवेदमा छ :

” **एकम् ब्रह्मा द्वीतीय नास्ते नेह ना नास्ते किन्चन्** ”

अर्थ : **तिम्रो जन्मदाता एउटै छ दोस्रो कुनै छैन, छैन छैन कदापि छैन ।**

र आर्को ठाउँमा छ " **एकम् एवम् अदित्यम्** " अर्थात: मात्र **एउटा ईश्वर बाहेक कुनै आर्को छैन** ।

र ईसई एवं यहूदी धर्ममा छ :

अर्थ : **मैले तिमीहरूलाई यो यस कारण देखाएँ ताकि तिमीहरू जानिराख कि अल्लाह त्यो पालनकर्ता नै हो जस बाहेक कुनै पूज्य छैन ।** ( सफरुत् तस्निया ३५/४ )

र आर्को ठाउँमा छ :

अर्थ : **हे इस्राईल सुनिहाल हाम्रो पालनकर्ता त्यो अल्लाह नै हो जुन मात्र एकलो छ ।** ( सफरुत् तस्निया ६/४ )

र आर्को ठाउँमा उल्लेख छ :

अर्थ : **ईसाले शैतानसित भन्नु भयो: हे शैतान भागिहाल किनकि यो अंकित छ कि हाम्रो पालनकर्ता नै हाम्रो परम् पूज्य हो, तसर्थ त्यसै एक**

**अल्लाहको ढोग गर, र त्यसैको पूजा गर ।** ( इनजील मत्ता ७/४ , इन्जील लूका ८/४ )

र आर्को टाउँमा उल्लेख छ :

अर्थ : **तिमी नै एकलो सत्य पूजय हौ, र ईसा मसीह त्यो संदेष्टा हुन् जसलाई तिमीले पठाए छौ ।** ( इनजील ३/१७ )

र यस्तै संसारका प्रत्येक धर्महरूमा एक अल्लाहमा विश्वास राख्नु र मात्र उसैको पूजा गर्नुको प्रमाण मिल्छ ।

अर्थात चाहे आदम अलैहिस्सलाम हुन् वा मूसा अलैहिस्सलाम हुन्, नूह अलैहिस्सलाम हुन् वा इब्राहीम अलैहिस्सलाम हुन्, यूनुस अलैहिस्सलाम हुन् वा यूसुफ अलैहिस्सलाम, ईसा अलैहिस्सलाम हुन् वा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम, सबैको मूल उपदेश र संदेश एउटै थियो, र त्यो हो एक अल्लाहमा आस्था राख्नु । र मात्र एक अल्लाहको पूजा अराधना गर्नु । अल्लाहको फर्मान छ :

अर्थ : मैले जिन्न र मानिसहरूलाई यसकारण मात्र सृष्टि गरेको छु ताकि मेरो उपासना गरुन् म उनीहरूबाट जीविका चाहन्न र न यो चाहन्छु कि मलाई खुवाऊन्। अल्लाह आफै जीविका प्रदान गर्नेवाला शक्तिशाली, दृढ छ। ( सूरतुज् जारियात ५६,५७,५८ )

तर पूजा अराधनाको साथ साथै इस्लामले यो भने छैन कि विवाह नगर, र संसारिक आनन्दलाई न भोग। बरु इस्लामले भनेछ कि पूजा अराधना साथ साथै संसारिक सुख समाग्रीको पनि उपभोग गर। अल्लाहको फर्मान छ :

अर्थ : र जुन (सम्पत्ति) तिमीलाई अल्लाहले प्रदान गरेको छ, त्यसबाट आख़िरतको घरको निर्माण गर र संसारिक भाग पनि नबिर्स, र जस्तो कि अल्लाहले तिमीलाई भलो गरेको छ तिमी पनि राम्रो ब्यवहार गर र धरतीमा उपद्रव नचाह किनभने अल्लाहले उपद्रवीहरूलाई मनपराउँदैन। ( सूरतुल् कसस ७७ )

तसर्थ हे प्रिय भाइहरू ! इस्लाम धर्म नै अन्तिम र शासवत धर्म हो र प्रलय सम्म बाँकी रहनेवाला धर्म पनि यो नै हो । र समस्त संसारलाई प्रगति र उन्नति प्रदान गर्ने धर्म पनि यो नै हो, र शान्ति एवं आनन्दलाई प्रचलित गर्नेवाला धर्म पनि इस्लाम नै हो, र सर्वव्यापी एवं सर्वमान्य धर्म पनि मात्र इस्लाम नै हो ।

र यसका विशेषताहरू यति मनमोहक छन् कि त्यसको ज्ञान प्राप्त भए पश्चात मनुष्य इस्लाममा प्रवेश गर्नुमा बाध्य भई जान्छ, म यस सानो लेखमा तपाईहरू समक्ष इस्लामका केही प्राकृतिक र बुद्धिमत्तापूर्ण विशेषताहरू प्रस्तुत गर्छु, आशा छ तपाईलाई लाभ पुऱ्याई इस्लामको सत्य अनुयायी बन्नुमा बाध्य गर्ने छ ।

# इस्लाम धर्म अवतरित गर्नुको उद्देश्य

अल्लाहले सबै सन्देष्टाहरूको समापक मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको माध्यमले यस संसारको अन्तिम संबिधान इस्लामलाई समस्त संसारको पथ प्रदर्शक बनाई अवतरित गर्नु भयो । र यो धर्म अवतरित गर्नुको मुख्य उद्देश्यहरू निम्न हुन् !

❁ समस्त मानव जातिलाई सुमार्गतर्फ आह्वान गर्नुको निम्ति ।

❁ समस्त मानव जातिलाई बहुदेववादबाट निष्कासित गरी एकेश्वरवाद तर्फ प्रवृत्त गर्नुको लागि ।

❁ असैक्षताबाट ईमान र सिक्षाको प्रकाशतर्फ आमन्त्रित गर्नुको लागि ।

❁ शैतान, भुत पिचास, पीर फकीर, नबी वली, मूर्ति मनुष्य.... को पूजाबाट रोक्ने र एक अल्लहको पूजातर्फ आह्वान गर्नुको लागि ।

❁ काल्पनिक भ्रमबाट बचाई अल्लाहको आकास्मिक निर्देशनहरू सित परिचय गराउनको लागि ।

❁ संसारिक मोहमायालाई त्याग्ने र परलोकिक जीवनतर्फ ध्यान आकर्षण गराउनको निम्ति । र यस जस्ता अरु उद्देश्यहरू छन् जसको लागि अल्लाहले आफ्नो अन्तिम विधान इस्लामलाई यस संसारका बासीहरू समक्ष पठायो, ताकि हामी यी कुराहरू माथि चिन्तन मनन् गरौं र सत्मार्गलाई अपनाउन प्रयत्न गरौं ।

# इस्लाम समस्त संसारको उद्धारक मार्ग

अल्लाहले इस्लाम धर्मलाई समस्त ब्रह्माण्डमा बस्ने जीवधारीहरूको लागि उद्धारक मार्ग बनाएर पठाएको छ जसमाथि हिंडी सबैको उद्धार सुनिश्चित हुनेछ । र यस धर्ममा जीवनमा पेश आउने सबै समस्याको निवारण छ, र प्रत्येक अवस्थामा गरिने कार्यहरूको विवरण र तप्सील छ। अर्थातः मान्छेको आस्था कस्तो हुनु पर्‍यो, त्यसको व्यवहार र पूजा कस्तो हुनु पर्‍यो, त्यसको व्यवहार मुस्लिम र काफिरहरू सित कस्तो हुनु पर्‍यो । नैतिकतामा मान्छेलाई कस्तो हुनु पर्‍यो, अथवा बाबु बाजे, आमा छोरी र छरछिमेकी.....आदिसित कस्तो व्यवहार गर्नु पर्‍यो । कसैको जन्म भएमा के गर्नु पर्‍यो, र कसैको मृत्यु भए पश्चात के गर्नु पर्‍यो । र संसारिक संतुष्टि पाउनको लागि के गर्नु पर्‍यो, स्वर्ग प्राप्तिको लागि के जतन गर्नु पर्‍यो ....... आदि ।

अर्थात: जन्मदेखि प्रलय सम्मको एक एक घटना र समस्याको विवरण एवं निवारण इस्लामले वर्णन गरेको छ। अल्लाहको फर्मान छ :

अर्थ : (यो) धेरै अनुग्रहयुक्त किताब हो, जुन हामीले तपाईंमाथि अवतरित गरेका छौं। ताकि मानिसहरूले यसका आयतहरूमा सोचविचार गरुन् र बुद्धिवालाहरूले यसबाट शिक्षा ग्रहण गरुन्। ( सूरतु साद २९ )

र आर्को आयतमा उल्लेख छ :

अर्थ : र जुन दिन हामीले प्रत्येक समुदायबाट स्वयं उनीमाथि साक्षी उभ्याउने छौं, र (हे पैग़म्बर) तपाईलाई यिनीहरूमाथि साक्षी बनाएर ल्याउने छौं, र हामीले तपाई माथि (यस्तो) किताब उतारेका छौं कि यसमा हरेक कुराको वर्णन बिस्तारपूर्वक छ। र मुसलमानहरूको लागि मार्गदर्शन र दया तथा शुभ-सन्देश छ। ( सूरतुन् नहल ८९ )

तसर्थ हे भाइहरू ! एक चोटि पवित्र ग्रन्थ कुरआनको पनि अध्यन गर्नु होस् अनि तपाईलाई सर्वव्यापक धर्मको ज्ञान अवश्य हुनेछ तर आर्काले

भने बमोजिम मात्र तपाईलाई पुग्छ भने कुरो बेग्लै छ ।

# इस्लामका मूल सिद्धान्तहरू

इस्लामले यो स्पष्ट पारेछ कि मात्र एक अल्लाहमा विश्वास राख्नु, र त्यसैमाथि सुदृढ रहनु नै यस धर्मको जग हो। र यसको साथ साथै अल्लाहलाई त्यसको समस्त नाम र गुण एवं विशेषताहरूमा पनि एकलो र सर्वोत्कृष्ट स्वीकार्नु। र सम्पूर्ण प्रकारका स्तुति पूजा मात्र अल्लाहको प्रसन्नता पाउनको लागि गर्नु, र पूजामा कसै आर्कोलाई अल्लाहको साथ साझीदार नबनाउनु। अल्लाहको फर्मान छ :

अर्थ : र राम्रा-राम्रा नाम अल्लाहकै लागि हुन्। यसर्थ ती नामहरू द्वारा नै उसलाई पुकार र यस्ता मानिससित सम्बन्ध पनि नराख जो उसको नामको सम्बन्धमा कुटिलता गर्छन्। यिनीहरू यसका निम्ति अवश्य नै दण्ड पाउने छन। ( सूरतुल् अअ्राफ १८० )

र आर्को ठाउँमा छ :

अर्थ : तिनीहरू निःसन्देह काफिर हुन् जसले भन्दछन् कि मरियमका छोरा ईसा मसीह अल्लाह हुन् जबकि मसीहले यो भन्दै गर्दथे कि हे बनी इस्राईल ! अल्लाह कै उपसाना गर जो कि मेरो पनि पालनकर्ता हो र तिम्रो पनि । जानिराख कि जसले अल्लाहसँग साझेदार ठहराउँछ, अल्लाहले उसको लागि स्वर्गमा प्रवेश हराम (निषेध) गरिदिएको छ र उसको बासस्थान नर्क हुनेछ । र पापीहरूको कोही पनि सहयोगी हुनेछैन । ( सूरतुल् माइदः ७२ )

❁ र अल्लाहका फरिश्ता ( स्वर्गदूत )हरू माथि पनि यो आस्था राख्नु कि यिनीहरू पनि हामी जस्तै सृष्टि हुन् । र उनीहरू अल्लाहको स्तुतिमा र अज्ञाकारितामा व्यस्त छन्, र उनीहरूलाई अल्लाहका छोरी भन्नेहरू ठूलो मूर्ख छन् । अल्लाहको फर्मान छ :

अर्थ : हे मोमिनहरू ! स्वयं आफूलाई र आफ्ना घरवालाहरूलाई त्यस आगोबाट बचाऊ, जसको ईन्धन मुनष्य र पत्थर हुनेछन्, जसको लागि कठोर स्वभावका, यस्ता बलशाली फरिश्ताहरू नियुक्त

हुनेछन् जसले त्यसमा अल्लाहको अवज्ञा गर्दैनन् बरु जे आदेश पनि दिइन्छ, त्यसलाई कार्यान्वित गर्दछन् । ( सूरतुत्तहरीम ६ )

र आर्को आयतमा उल्लेख छ :

अर्थ : आकाशहरू र जमिनमा जे छन् । सबै उसै ( अल्लाहको) हो । र जो उसको समीपमा छन् तिनीहरू उसको सेवा-भक्तिबाट न अट्टेरिपना गर्छन् र न त थाकछन् । तिनीहरू दिनरात उसैको गुणगान गर्छन् र अलिकति पनि ढिलासुस्ती गर्दैनन् । ( सूरतुल् अम्बिया १९,२० )

र अल्लाहले अवतरित गरेका समस्त ग्रन्थहरू मथि आस्था राख्नु, जस्तो कि तौरात, जब्बूर, इन्जील, सुहुफे इब्राहीम, कुरआन आदि माथि आस्था राख्नु कि सबै अल्लाहबाट अवतरित गरिएका ग्रन्थहरू हुन् । साथै यो पनि ज्ञात रहोस् कि कुरआन जुन कि प्रलय सम्मको लागि अवतरित गरिएको छ त्यसमाथि आस्था राख्नु कि कुरआन सबै आकास्मिक ग्रन्थहरू भन्दा उत्कृष्ट छ, र सबै

पुस्तकहरूको पुष्टिकरण गर्नेवाला अल्लाहको साक्षात वाणी हो । अल्लाहको फर्मान छ :

अर्थ : र (हे पैगम्बर !) हामीले तपाईंलाई सत्यका साथ यो किताब (कुरआन) प्रदान गरेका छौं, जुन आफूभन्दा अगाडिका ग्रन्थहरूलाई प्रमाणित गर्दछ र ती सबैको रक्षक हो । तसर्थ यसमा जुन आदेश अल्लाहले दिएको छ, सोही अनुसार नै तिनलाई आदेश गर्नुस् र यस सत्यलाई त्यागेर उनीहरूको इच्छाको पूर्ति नगर्नु । हामीले तिमीहरूमध्येबाट प्रत्येक समुदायका एउटा विधान र एउटा तरिका ( पद्धति) निर्धारित गरेका छौं र यदि अल्लाहले चाहेको भए तिमी सबैलाई एउटै समुदायमा राखिदिन्थ्यो, तर जुन आदेशहरू उसले तिमीलाई दिएको छ त्यसमा उसले तिम्रो परीक्षा गर्न चाहन्छ, तसर्थ तिमी असल कर्म गर्न छिटो गर । तिमी सबैलाई उसै छेंउ फर्कि जानु पर्नेछ, तसर्थ जुन कुरामा तिमीहरू विवाद गर्ने गर्दछौ उसले तिमीलाई बताई दिने छ । ( सुरतुल् माइदः ४८)

❁ र अल्लाहका समस्त सन्देष्टाहरूमाथि आस्था राख्नु । र यो आस्था राख्नु कि उनीहरू मध्ये केहीलाई केहीमाथि श्रेष्ठता प्राप्त छ , र सबै भन्दा सर्वश्रेष्ठ र सबै रसूलहरूको नायके र सबै रसूलहरूको समापक मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम हुन् । र यी रसूलहरू मध्ये कसैको पनि इन्कार गर्नु सबै संदेष्टाहरूको इन्कार गर्नु सरह हुने छ । अल्लाहको फर्मान छ :

अर्थ : (हाम्रा) रसूलले त्यस कुरामा ईमान ल्याउनु भयो जुन उनीमाथि अल्लाहको तर्फबाट उतारियो र मोमिनहरूले पनि ईमान ल्याए, यिनीहरू सबै अल्लाह, उसका फरिश्ताहरू, उसका किताबहरू र उसका पैगम्बरहरू माथि ईमान ल्याए । हामी उसका पैगम्बरहरूमध्ये कसैको बीच भेदभावको व्यवहार गर्दैनौं, उनीहरूले भने कि हामीले सुन्यौ र मान्यौ हामीले क्षमाको लागि प्रार्थना गर्दछौं । हे पालनकर्ता ! र तिमी छेउ नै फर्केर जानु छ । ( सूरतुल् बकरः २८५ )

❁ र परलोकको जीवन अर्थात प्रलयको दिनमाथि आस्था राख्नु । र यो आस्था राख्नु कि जसरी अल्लाहले यस संसारको रचना गरेका छन् त्यस्तै एक दिन यसको विनाश गर्ने छन् , र यसमाथि अल्लाह सक्षम र शक्ति सम्पन्न हुनुहुन्छ, र सबैलाई उनीतर्फ नै फर्केर जानु छ र सबै जीवधारीलाई मृत्युको स्वाद चाख्नु पर्नेछ। अल्लाहको फर्मान छ :

अर्थ : प्रत्येक जीवले मृत्युको स्वाद चाख्ने वाला छ, अनि तिमी सबै हामीतिरै फर्काइनेछौ । ( सूरतुल् अनकबूत ५७ )

र आर्को ठाउँमा वर्णन छ :

अर्थ : तपाईं जवाफ दिनुस् किः “उनीहरूलाई उसले जीवित पार्ने छ, जसले उनीहरूलाई पहिलो पटक सृष्टि गरेको छ। जो प्रत्येक सृष्टिलाई राम्ररी जान्दछ। ( सूरतु यासीन ७९ )

र आर्को ठाउँमा अल्लाहको कथन छ :

अर्थ : र उही त हो जसले सर्व प्रथम सृष्टिको आरम्भ गर्दछ। अनि उसैले उसको पुनरावृत्ति

गर्नेछ। यो उसको निम्ति धेरै सजिलो छ, आकाशहरू र जमीनमा उसको शान (गुण) सर्वोच्च छ र ऊ सर्वशक्तिशाली, तत्वदर्शी छ। ( सूरतुर्रूम २७ )

❁ र भाग्य माथि आस्था राख्नु। र यो आस्था राख्नु कि जुन अल्लाह चाहन्छन् त्यो नै हुनेछ र जुन चाहदैनन् त्यो कदापि हुन सक्दैन। र साथ साथै यो पनि ज्ञात रहोस् कि अल्लाहले मनुष्यलाई कर्म गर्नुमा अख्तियार दिएको छ त्यो चाहे सुकर्म गरी स्वर्ग प्राप्त गरोस् वा कुकर्म गरी नर्कीय बनोस् कसैलाई कुनै कार्य गर्नुमा बाध्य गरिएको छैन। अल्लाहको फर्मान छ :

अर्थ : धर्ममा कुनै बलजफ्ती छैन। वास्तवमा कुमार्गबाट सुमार्ग प्रष्ट भइसकेको छ। यसर्थ जसले अल्लाह बाहेक अन्य मूर्तिहरूमा आस्था राख्दैन र अल्लाहमाथि आस्था राख्यो, उसले यस्तो बलियो डोरी समातिसकेको छ, जुन कि कहिल्यै चुंड्ने छैन। अल्लाह सबै कुरा सुन्ने वाला-सर्वक्ष हो। ( सूरतुल् बकरः २५६ )

बरु अल्लाहले आफ्ना सन्देष्टाहरू द्वारा आफ्नो निर्देशनहरूलाई पठाई सकेको छ, जुन त्यस बमोजिम कर्म गर्छन् स्वर्गमा अवश्य जाने छन्, र जुन अल्लाहले निर्धारित गरेका सीमाहरूको उल्लंघन गर्छन् ती मानिसहरू नर्कीय मध्येका हुने छन् । अल्लाहको फर्मान छ :

अर्थ : अत: जसले अलिकति पनि नेकी(पुण्य) गरेको हुनेछ, उसले त्यसलाई देखिहाल्नेछ । र जसले अलिकति पनि नराम्रो काम गरेको हुनेछ, उसले त्यसलाई देखिहाल्नेछ । ( सूरतुज् जल्जला ७,८ )

र आर्को सूरतमा अल्लाहको वर्णन छ :

अर्थ : जसले इन्द्रियलाई शुद्ध राख्यो, त्यो सफल भयो । र जसले त्यसलाई माटोमा मिलायो, त्यो असफल भयो । ( सूरतुश्शमस ९,१० )

र अल्लाहले हामीलाई जन्माएर यस्तै छाडेका छैनन् बरु हाम्रो लागि जीवन व्यतीत गर्ने पूर्ण विधान पठाएका छन्, जसमा सुकर्म र कुकर्म दुवैको वर्णन छ । अब हामीलाई यो अख्तियार छ कि हामी त्यस

अल्लाहको स्तुति गरी स्वर्गमा जाने मार्गलाई रोजौं वा त्यसको अवज्ञा गरी नर्कको मार्गमा लागौं ।

# इस्लाममा पारिवारिक र गृहस्थीय जीवनको परिकल्पना र महत्व

इस्लाम बाहेक अन्य धर्महरूमा हेर्दाखेरि हामीलाई यो थाहा हुन्छ कि गृहस्थीय जीवनलाई महत्व नदिई सन्यासलाई प्रधानता र प्राथमिकता दिन्छ, उदाहरण स्वरूप निम्नमा ध्यान दिनु होस् !

❁ बौद्ध धर्मको संस्थापक महात्मा गौतम बुद्धले सबै संसारीय मोह मायालाई त्यागी बनमा बसेर मात्र बुद्धको उपाधि पाएका हुन् । यसर्थ बौद्ध धर्ममा एकलै बनमा गई भौतिक सुखलाई छाड्नु नै परम् धर्म मानिन्छ । र सर्वोत्तम भक्त हुनुको लागि यो आवश्यक छ कि मान्छे सन्यासलाई अवश्य ग्रहण गरोस् ।

❁ यस्तै हिन्दु धर्ममा पनि ब्रह्मचारी हुनुको रीति चली आएको छ, मानव यदि ईश्वरको निकट्ताको अभिलाषी छ भने त्यसलाई यो आवश्यक छ कि सन्यासलाई ग्रहण गरोस् ।

❁ यस्तै जैन धर्ममा त ब्रह्मचारितालाई नै सर्वश्रेष्ठ अनुयायीको उपाधि मिल्छ। र यनीहरूको महावीरले त ब्रह्मचारीको यस्तो आदर्श पेश गरे कि सबै मानव आश्चर्य चकित भए।

❁ यस्तै ईसाई र यहूदी धर्म पनि बिना भौतिक सुख शान्ति त्यागे पूर्ण हुँदैन। अर्थात यस संसारका अधिकतम् धर्महरू सन्यासतर्फ आह्वान गरेका छन्। तर इस्लामको के धारणा रहेछ भने अल्लाहको यो कथनबाट पत्तयाउनुस् अल्लाहको भनाई छ :

अर्थ : र जुन (सम्पत्ति) तिमीलाई अल्लाहले प्रदान गरेको छ, त्यसबाट आख़िरतको घरको निर्माण गर र संसारिक भाग पनि नबिर्स, र जस्तो कि अल्लाहले तिमीलाई भलो गरेको छ तिमी पनि राम्रो ब्यवहार गर र धरतीमा उपद्रव नचाह किनभने अल्लाहले उपद्रवीहरूलाई मनपराउँदैन। ( सूरतुल् कसस ७७ )

इस्लाम सन्यास तर्फ आह्वान गर्दैन किनकि इस्लाम प्राकृतिक धर्म हो, र यो धर्म मानवको शारीरिक र आत्मिक दुवै सुखबाट मानवलाई

उपभोग गर्ने सुअवसर प्रदान गर्छ । र साथै गृहस्थीय जीवन तर्फ सबैलाई आह्वान गर्छ कि जीवनको वास्तविक सुख गृहस्थीमा नै नीहित छ साथै परलोकका लाभहरू पनि, र स्वर्ग पाउने तथ्यहरू पनि गृहस्थीय जीवनमा नै पाइन्छ । र सन्यासमा मात्र अल्लाहको सीमा अतिक्रमण नै गरिन्छ, जस्तो कि हामीहरू आश्रमहरूमा हेरी रहेछौं, त्यसमा कस्ता कस्ता दुष्कर्म भइरहेका छन् । यो मात्र सन्यास द्वारा प्रकृतिको सीमा अतिक्रमण गर्नुको दुष्परिणाम हो ।

यसै कारण इस्लामले गृहस्थीय जीवनलाई अति प्रधानता प्रदान गरेछ। इस्लाम को यो धारणा रहेछ कि जुन मान्छे मस्जिदमा बसेर अल्लाहको स्तुति गरिरहे छ र त्यसको आर्को भाइ मेहनत र परिश्रम गरेर त्यसलाई भोजन ल्याएर दिन्छ भने त्यो गृहस्थीय जीवन व्यतीत गर्ने व्यक्ति त्यस स्तुति गर्ने मान्छे भन्दा अति महान र उत्तम छ ।

अल्लाहले हामीलाई विवाह गर्ने आदेश गरेका छन् कि हामी व्यभिचारतिर नलागौं, र त्यसद्वारा स्वच्छ समाजलाई कलंकित नगरौं, बरु एउटा स्वच्छ

समाजको निर्माण गरौं किनकि संसारको शान्तिको लागि समाज नै पहिलो श्रृंखलाको पहिलो जग र पायदान हो । यसै समाजद्वारा संसारको भलो कुभलो हुन्छ । र दोस्रो कुरो के छ भने यो हाम्रो गृहस्थीय जीवनमा नै हाम्रा ससाना छोरा छोरी बूढो बा आमा र मायालु स्वास्नी दिदी बहिनीहरू.....आदि हुन्छन् जसद्वारा यस समाजको रिश्ता नाताको अविष्कार हुन्छ ।

हे प्रिय भाइहरू ! यदि तपाई सन्यासमा हुनुहुन्छ भने बा आमाको सेवा सत्कार गर्ने सुअवसर कहाँबाट पाउनु हुन्छ, के श्रवण कुमारको कथा याद छैन ? के यो थाहा छैन कि अल्लाहले के भने छन् ? अल्लाहको फर्मान छ :

अर्थ : र अल्लाहकै पूजा गर र उसको साथमा अरु कसैको साझेदारी नगर र आमा-बाबुसँग सम्मानपूर्ण व्यवहार गर र नजिकका नातेदार, अनाथहरू र गरीब असहायहरू र नातेदार छिमेकीहरू र गैर नातेदारी छिमेकीहरू र संगै उठबस् गर्ने साथीहरू र बटुवाहरू र जो तिम्रो स्वामित्वमा छन्, सबैको उपकार गर । नि:सन्देह

अल्लाहले घमण्डी तथा मिथ्या अभिमान गर्नेहरूलाई रुचाउँदैनन् । ( सूरतुन् निसा ३६ )

र आर्को ठाउँमा अल्लाहको कथन छ :

अर्थ : र तिम्रो पालनकर्ताले स्पष्ट आदेश गरेको छ कि ऊ बाहेक तिमी कसैको पूजा नगर र आमा-बाबुको साथमा नम्र व्यवहार गर्दै गर यदि तिनीहरूमध्ये एउटा वा दुवै तिम्रो अगाडि वृद्ध अवस्थामा पुग्छन् भने तिनीहरूलाई तिरस्कृत नगर्नु नहप्काउनु अपितु तिनीहरूसँग सम्मानपूर्वक मर्यादित ढंगले कुराकानी गर्नु । ( सूरतुल् इस्रा २३ )

र एउटा हदीसमा वर्णन छ :

अर्थ : एउटा मान्छे रसूल सल्लल्लाहो अलैहे वसल्लमको समक्ष आएर भन्यो: हे अल्लाहको रसूल म धर्मयुद्ध गर्ने अनुमति चाहन्छु, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: तिम्रा बा आमा जीवित छन् ? अनि त्यसले भन्यो: जीवित छन्, अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु

भयो: तिनीहरूको सेवा सत्कार गरेर धर्मयुद्धको पुण्य कमाऊ। ( बुखारी )

हो, यो त सबैलाई थाहा छ कि बाबु आमाको सेवा सत्कार गर्नेवाला व्यक्ति स्वर्गीय हुन्छ, जस्तो कि यो पनि प्रसिद्ध कुरो नै हो कि आमाको पाइला मुनि स्वर्ग हुन्छ , यसको अर्थ हो आमाको सत्कार गरेपछि स्वर्ग अवश्य मिल्ने छ। के यो प्रधानता कसै सन्यासी र बैरागीलाई मिल्ने छ ? कदापि मिल्न सक्दैन।

यस्तै घरका समस्त परिवारहरूलाई परिश्रम गरी भोजन गराउनुमा पनि पुण्य मिल्छ त के यो पुण्य सन्यासी ब्रह्मचारी पाउने छ ? कदापि पाउन सक्दैन।

त हे सर्वश्रेष्ठ जीवधारी ! भ्रमको मायाजालबाट बाहिर आऊ सत्यलाई सत्य मानि इस्लामलाई स्वीकार गर र एक पटक घर गृहस्थीको जीवनलाई अपनाई अल्लाहको कृतज्ञता प्रकट गर, अनि हेर कति आनन्द मिल्ने छ, र कस्तो परम् संतुष्टिको आभास हुनेछ। हे भाइ प्रकृतिबाट विरोध ठीक छैन

तिम्रो शरीरको तिमी माथि हक छ त्यसको अधिकारको हनन् नगर त्यसको अधिकार त्यसलाई देऊ, तर यो सन्यासले त संभव छैन आफै विचार गर र सत्य पथमा हिंडने प्रयत्न गर ।

# इस्लाममा सामाजिक जीवन

अल्लाहको फर्मान छ :

अर्थ : सबै मोमिनहरू एक आपसमा भाइ-भाइ छन्, तसर्थ आफ्ना दुई भाइहरूमा मेलमिलाप गराउने गर । र अल्लाहसित डर मानी राख ताकि तिमीमाथि दया गरियोस् । (सूरतुल् हुजुरात १०)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

अर्थ : तिमीहरू मध्ये प्रत्येक व्यक्ति आफू अधीन भएकाहरूको उत्तरदायी हो, र सबैसित यसबारे सोधपूछ गरिने छ। श्रीमती श्रीमानको घरपरिवार र सम्पत्तिको उत्तरदायी हो त्यससित यसबारे सोधपूछ हुनेछ ....... । ( बुखारी, मुस्लिम )

र आर्को हदीसमा छ :

अर्थ : आस्थावानहरूको एक आर्कासित प्रेम, स्नेह मायाको उदाहरण एउटा शरीर जस्तै छ कि जब शरीरको कुनै अंगलाई कष्ट पुग्छ त शरीरका

समस्त अंगहरू त्यस दु:खी अंगको साथ रातभरी जाग्छन् निदाउँदैनन् । ( मुस्लिम )

अर्थात समाजमा बसेका मान्छेहरू एक आर्कासित यस्तै प्रेम गर्नुपर्छ कि यदि कसैलाई दु:ख हुन्छ भने सबैलाई त्यसमा सहभागी हुनु र त्यसको दु:खलाई हटाउनको प्रयत्न गर्नु आवश्यक छ ।

र आर्को हदीसमा छ :

अर्थ : मुसलमान मुसलमानको भाइ हो, कुनै मुस्लिम कुनै मुसलमानमाथि अन्याय अत्याचार नगरोस्, जुन मान्छे आफ्नो भाइको मनोकामना पूर्ण गर्छ अल्लाह त्यसको मनोकामना पूर्ण गर्छ, र जसले यस संसारमा आफ्नो भाइबाट कुनै आई परेको कष्टलाई हटाई दिन्छ त अल्लाह प्रलयको दिन त्यसबाट कष्टलाई हटाउने छन् । ( बुखारी, मुस्लिम )

र यस जस्ता अरु आयत र हदीसहरू वर्णन छन् जुन सामाजिक जीवनको व्यवस्थापन माथि प्रकाश पार्छन्, र हामीलाई यस कुराबाट अवगत गराउछन् कि समाज कसरी स्वच्छ रहन्छ त्यसका उपायहरू

के के हुन् आदि, र सामाजिक जीवनको महत्व के हो......आदि ।

इस्लाम हामीलाई सिकाउँछ कि समाजमा बस्ने समस्त सदस्यहरू अआफ्ना कर्तव्यको उत्तरदायी छन् सबैसित प्रलयको दिन यसबारे सोधपूछ हुनेछ उदाहरणको लागि मात्र यो नै पर्याप्त छ हेर्नुस् ! यदि तपाईको एउटा छोरा र एउटी छोरी एवं बाबु आमा छन् अब यिनीहरूको उत्तरदायी तपाई नै हुनुहुन्छ यहाँ सम्म कि तपाई आफ्नो कर्तव्यको पालना गर्नुस् र उनीहरूको हकलाई पूर्ण गर्नुस्, यी सबै तपाईको अधीन छन् । यदि तपाईले छोराको विवाह गर्नु हुन्न जब कि त्यो विवाह गर्ने योग्य भइसकेको छ वा छोरीको विवाह गर्नु हुन्न अनि यिनीहरूले व्यभिचार गर्छन् भने यसको उत्तरदायी को हुन्छ ? निःसंदेह तपाई नै हुनु हुन्छ । किनकि तपाईले आफ्नो कर्तव्यको पालना गर्नु भएन तपाईमाथि जुन उनीहरूको हक थियो त्यसलाई पूर्ण गर्नु भएन जुन अल्लाहले तिमीमाथि अनिवार्य गरेको छ । अब पापी को हो ? तपाई कि तपाईको छोरा छोरी ? यो व्यभिचार उनीहरूले किन गरे ? मात्र

यसै कारण कि उनीहरूलाई पवित्र तरिकाले यौन सम्बन्धको अवसर प्राप्त भएन, अनि गलत तरिकाले आफ्नो शारीरिक भोकको पूर्ति गरे । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : जब तिमी समक्ष कुनै यस्तो मान्छे रिश्ता लिएर आउँछ जसको धर्म र आचरणको बारेमा तिमी संतुष्ट छौ भने त्यसको विवाह गराइहाल, यदि तिमीले यस्तो गरेनौ भने यो पृथ्वीमा ठूलो उपद्रवको अविष्कार हुनेछ.... । ( तिर्मिजी )

अर्थात इस्लामले त्यो सबै कुराबाट रोके छ जसबाट समाजमा विगार उत्पन्न हुन्छ । साथै मान्छेको स्वाभिमानको सुरक्षा पनि गर्छ, जस्तो कि व्यभिचारको रोकथामको लागि त्यो सबै बाटोलाई बन्द गरिदिएको छ जुन स्रोतहरू द्वारा व्यभिचार बलात्कार हुनसक्छ। र यसमा रोक लगाए पश्चात स्वतः सबैको इज्जत सम्मानको सुरक्षा भइहाल्छ । यस्तै यदि समाजमा कसैको धन सम्पत्ति असुरक्षित छ भने विद्रोह हुने आशंका हुन्छ, यसको लागि अल्लाहले सूद व्याज, धोका, चोरी, डकैती....

आदिलाई वर्जित गरिदिएको छ। अल्लहको फर्मान छ :

अर्थ : जुन मानिसहरू व्याज खान्छन् तिनी ( चिहानहरूबाट) यस प्रकारले (भ्रमित भई) उठ्ने छन् जस्तो कि शैतानले छोएको पागल होस्। यो यस कारणले कि तिनीहरूले भन्ने गर्दथे कि व्यापार गर्नु पनि त यस्तै छ, जस्तो कि ब्याज (लिनु)। तर व्यापारलाई अल्लाहले हलाल बनाएको छ र ब्याजलाई हराम। जुन मानिसले आफ्नो छेउ अल्लाहको निर्देशन पुगे पछि (ब्याज लिन) त्याग दियो भने जेजति भइसकेको छ, त्यसको माफी पाउने छ। र त्यसको निर्णय अल्लाहले गर्ने छ। र यदि फेरि (व्याज) लिन थाल्यो भने, त्यस्ता मानिसहरू नारकीय हुनेछन्, र सधै नर्कमा रहने छन्। ( सूरतुल् बकरः २७५ )

र आर्को ठाउँमा वर्णन छ :

अर्थ : हे इमानवालाहरू ! मदिरा, जुआ बलिस्थान र शगुण पासा यी सबै अपवित्र र शैतानी कुराहरू मध्येका हुन् तसर्थ यिनीबाट टाढा रहनु ताकि मुक्ति

प्राप्त गर्न सक। शैतान त यो चाहन्छ कि रक्सी र जुआको माध्यमबाट तिमीहरू बीच शत्रुता र बैरभावको सृजना गरिहालोस् र तिमीलाई अल्लाहको स्मरण र नमाजबाट रोकिदेओस् । यसकारण अहिले पनि (यी कर्महरूबाट) अलग रहने गर। ( सूरतुल् माइदः ९०,९१ )

साथै कसैले कसैको हत्या नगरोस् यसको रोकथामको लागि कसास भन्ने कानूनलाई लागू गरेको छ, कि कुनै मान्छे कसैलाई हत्या गर्नु भन्दा अघि कम्तीमा १०० पटक यसको दुष्परिणाममाथि विचार गरोस्। अल्लाहको भनाई छ :

अर्थ : हे विवेकीहरू! केसासको (आदेश) मा तिम्रो लागि जिन्दगी छ, यसलेगर्दा तिमीहरू (अनाहक् हत्याबाट) सुरक्षित रहनेछौ। ( सूरतुल् बकरः १७९ )

र समाजको संतुलन नबिगरोस् यसको लागि अल्लाहले आदेश गरेका छन् कि भेदभाव पक्षपात नगर बरु न्याय गर, र न्याय गर्ने मान्छेलाई अल्लाह अति प्रेम गर्छन्। अल्लाहको फर्मान छः

अर्थ : र यदि मोमिनीहरूका कुनै दुई समूह आपसमा लडिहाल्छन् भने, यिनीहरूमा मेलमिलाप गराई देऊ, र यदि एउटा समूहले अर्को समूहमाथि ज्यादति गर्दछ भने ज्यादति गर्ने वालासित लड, यहाँसम्म कि त्यो अल्लाहको आदेशतिर प्रवृत्तहोस्, अनि जब प्रवृत्त हुन्छ भने दुवै समूहमा इन्साफका साथ आपसमा मेलमिलाप गराइदेऊ र न्याय गर्नु । किनकि अल्लाह न्याय गर्नेहरूलाई रुचाउँदछ । ( सूरतुल् हुजुरात ९ )

र आर्को ठाउँमा अल्लाहको वर्णन छ :

अर्थ : हे दाऊद ! “हामीले धरतीमा तिमीलाई उत्तराधिकारी बनाएका छौं । अतः तिमीले मानिसहरूको बीचमा सत्यताका साथ फैसला गर्नु र आफ्नो व्यक्तिगत इच्छाको अनुपालन नगर्नु कि त्यसले तिमीलाई अल्लाहको मार्गबाट विचलित गराई दिनेछ, जुन मानिसहरू अल्लाहको मार्गबाट विचलित हुन्छन्, निश्चय नै उनीहरूको निम्ति कठोर यातना छ, किनभने उनीहरूले हिसाबको दिनलाई बिर्सिदिए । ( सूरतु साद २६ )

र समाजको प्रगति एवं उन्नतिको लागि इस्लामले एकमत रहनुमा जोर दिएछ, जसलेगर्दा कुनै शत्रु तपाईको मान सम्मान, इज्जत आबरु, धन सम्पत्ति तर्फ दुष्कर्मको नीयतले हेर्न पनि नसकोस् खोस्नुको इच्छा त अति दुर्लभ कुरो हो । त एकमत भएको खण्डमा न त कुनै भयत्रास हुनेछ न त कुनै चिन्ता, यसैलेगर्दा हाम्रो समाजको प्रगति सुनिश्चित भइहाल्छ जस्तो कि मृत्यु आउनु सुनिश्चित छ । अल्लाहको फर्मान छ :

अर्थ : सबै मिलेर अल्लाहको डोरीलाई दृढतापूर्वक समाति राख्नु र विभाजित नहुनु र अल्लाहको त्यस अनुकम्पालाई यादगर कि जब तिमी एक अर्काको शत्रु थियौ, त उसले तिम्रा हृदयहरूमा प्रेमको सृजना गर्‍यो र उसको कृपाले तिमीहरू आपसमा भाइ-भाइ भइहाल्यौ, र तिमी आगोको खाल्डो छेउ पुगिसकेका थियौ, त अल्लाहले तिमीलाई त्यसबाट बचाइहाल्यो । यस प्रकार अल्लाहले तिमीलाई आफ्ना निशानीहरूको वर्णन गर्दछ ताकि तिमी मार्गदर्शन प्राप्त गर्नसक । ( सूरतु आले इम्रान १०३ )

र आर्को सूरतमा अल्लाहको वर्णन छ :

अर्थ : र अल्लाह र उसको रसूलको आज्ञा मानी राख, आपसमा विवाद नगर, अन्यथा कायर बन्नेछौ, र बल कम हुँदै जानेछ, र धैर्य र संयमबाट काम लिनु । निश्चय नै अल्लाह धैर्य गर्नेहरूको साथमा छ । ( सूरतुल् अन्फाल ४६ )

र दोस्रो कुरो के छ भने उपरोक्तका कुराहरू साथ साथै अल्लाहले आपसमा प्रेमभाव राख्ने आदेश पनि गरिबक्सनु भएछ र अल्लाहको यो आदेश छ कि यदि कसैलाई कष्ट पुगेछ भने हाम्रो यो परम् कर्तव्य हो कि हामी त्यस मान्छेको सहायता गरौं । एउटा हदीसमा वर्णन छ :

अर्थ : अल्लाह मान्छेको सहायता त्यस समय सम्म गरिरहने छन् जब सम्म मान्छे आफ्नो भाइको सहायतामा लागिरहने छ । ( मुस्लिम )

हे भाइहरू ! के उपरोक्तका कुराहरूबाट यो ज्ञात हुँदैन कि इस्लामले प्रत्येक पाखण्ड र उपद्रवबाट सुरक्षा प्रदान गर्छ, र समाजिक जीवनलाई आनन्दमय बनाउँछ ।

त हे सफलताको खोजमा हिंडेका यात्रुहरू ! तिमी कहाँ भ्रमित छौ ? के तिमीले इस्लामबारे थाहा छैन ? आऊ ! इस्लाम कसैको जागीर र एकलौटि होइन, यो त समस्त संसारको लागि मार्गदर्शन हो, यसका निर्देशनहरूलाई मान र यस धर्ममा प्रवेश गर । अनि तिम्रो सबै पापहरू नष्ट भइहाल्ने छन् र तिम्रो लोक परलोकको जीवन संतुष्टिमय हुनेछ। यादराख कसैलाई मृत्युको समय थाहा छैन मृत्यु पश्चात तिम्रो सहायता कोही पनि गर्न सक्दैन। त हे भाइ अझैं समय बाँकी छ आफ्नो अज्ञानताका पापहरूको प्रयाश्चित गर, र सोच विचार गरेर इस्लाममा प्रवेश गरिहाल ।

# इस्लाम प्राकृतिक धर्म

प्रकृति त्यस शुद्धतालाई भन्छन् जसमाथि सबै सृष्टिलाई जन्माइएको छ। अर्थात यो यस्तो शक्ति हो जुन मान्छेलाई जन्मजातबाटै आफ्नो स्रष्टाद्वारा पाएको छ , जसबाट त्यो हक नाहक, सत्य असत्य, प्रकाश अँध्यारो, सुकर्म कुकर्म, सुमार्ग कुमार्गलाई छुट्ट्याउन सक्छ। यो एउटा अल्लहको रङ्ग हो जसमाथि सबैलाई जन्माइन्छ। जस्तो कि हदीसमा छ :

अर्थ : सबै शिशुहरू **फितरत** ( अल्लाहको रङ्ग )माथि नै जन्मन्छन् ( अर्थात इस्लाम माथि ), फेरि उनीहरूलाई उनीहरूका बाबु आमाले यहूदी ईसाई मजूसी बनाई दिन्छन्। ( बुखारी )

मजूसी : आगोलाई पूज्ने एउटा समूहलाई भनिन्छ।

र अल्लाहको यसै रङ्गलाई हामी प्रकृति भन्छम्। त इस्लामका सबै निर्देशनहरू यस प्रकृतिसित सहमत

छन् किनकि दुवैको स्रष्टा एउटै सर्वशक्ति सम्पन्न अल्लाह नै हो, अनि मतभेद हुने कुरै छैन ।

प्राकृतिकरूपले समस्त जीवधारी राम्रो वस्तुलाई नै मन पराउँछन् जसरी सुख, शान्ति, पवित्र भोजन, राम्रो बानी...आदि ।

हे भाइ हामी उदण्डता र आतंकलाई किन मन पराउँदैनौं किनकि त्यो प्रकृति विरुद्ध छ, हामी व्यभिचारलाई बलात्कारलाई किन मन पराउँदैनौं किनकि यो कार्य प्रकृति र मानवता विरुद्ध छन् । यस्तै इस्लाम प्राकृतिक धर्म हुनाले त्यो सबै कार्यलाई नगर्ने आदेश दिन्छ जुन मानवता विरुद्ध छन् । अल्लाहको फर्मान छ :

अर्थ : तसर्थ तपाईं दत्तचित्र भएर आफूलाई दीन ( इस्लाम) तर्फ लगाउँदै गर्नुस् । अल्लाहको त्या विशेषता जसमाथि उसले मानिसहरूको सृष्टि गरेको छ । अल्लाहले बनाएको (लाई) नबदल्नु । यही सोझो धर्म हो । तर धेरैले बुझ्दैनन् । ( मानिसहरू हो !) अल्लाह तर्फ लागेर ऊ सित डर मान्ने गर र नमाज पढ्ने गर र मुश्रिकहरू

मध्येबाट नबन्नु । उनीहरू मध्येबाट जसले आफ्नो धर्मलाई टुक्रा-टुक्रा गरिदिए र स्वयम् पनि समूह-समूह (मा विभाजित) भए, प्रत्येक समूह आफूसंग भएको चीज-वस्तुमा प्रसन्न छ । ( सूरतुर्रूम ३०-३२ )

र आर्को ठाउँमा वर्णन छ :

अर्थ : जुन मानिसहरूले यस्ता रसूल, नबी उम्मी ( निरक्षर) को अनुशरण गर्छन्, जसलाई उनीहरूले आफुकहाँ तौरात र इन्जीलमा लेखिएको पाउँछन् । उनले उनीहरूलाई असल कुराको आदेश गर्दछन् र नराम्रा कुराहरूबाट मनाही गर्दछन् र स्वच्छ कुरालाई हलाल (स्वीकार्य) बताउँछन् र अपवित्र कुरालाई हराम (वर्जित) बताउँछन् र तिनीहीरु माथिबाट त्यो बोझ उतार्दछन् जुन अहिलेसम्म उनीहरूमाथि लादिएका थिए बन्धनहरूलाई फुक्का गर्दछन् जसमा उनीहरू जकडिएका थिए । अत : जो मानिसहरू त्यस नबीमा विश्वास गर्दछन् र उनको समर्थन गर्दछन् र उनको सहायता गर्दछन्, र त्यस प्रकाशलाई मान्दछन् जो उनको साथमा

पठाइएको छ। यस्ता मानिसहरू पूर्ण सफलता प्राप्त गर्नेवाला छन्। ( सूरतुल् अअ्राफ १५७ )

अर्थात : इस्लामले खाने कुरा मध्ये त्यो सबैलाई ग्राह्‌य गरेछ जुन पवित्र र स्वस्थकर छन्। र ती सबै कुरालाई वर्जित गरेछ जुन अपवित्र र स्वास्थको लागि हानिकारक छन्। र त्यो सबै कार्यबाट रोकेछ जुन निर्लज्जता र अश्‌लीलता तर्फ आकर्षित गर्छन् र उपद्रवी छन्, र जुन समाजमा विगार उत्पन्न गराउने कारण बन्दछन्। र त्यो सबै कार्यलाई गर्ने आदेश दिएको छ जुन मनुष्य र समाजको लागि कल्याणकारी छन्।

के कुनै मूर्ख यो भन्ने आँट गर्न सक्छ कि यो इस्लामी निर्देशनहरू प्रकृति वा मानवता विरुद्ध छन् ? कदापि यस्तो कुनै मूर्ख पनि भन्न सक्दैन।

इस्लामले यस्ता यस्ता नियमहरू लगू गरेछ जसद्वारा कसैको हक हनन् हुँदैन साथै कसैलाई त्यसको हक भन्दा अधिक पनि दिएको छैन चाहे त्यो राजा होस् वा प्रजा होस्, अमीर होस् वा गरीब, आफ्नो होस् वा विरानो, साथी होस् वा

छिमेकी, आमा होस् वा बाबु, जवान होस् वा वृद्ध, श्रीमान होस् वा श्रीमती, जनावर होस् वा चराचुँगी सबैलाई अति उचित ढंगले हक अधिकार वितरण गरेको छ ।

हे भाइ ! के सबैको उत्तम हक अधिकार दिनु अनैतिकता हो ? के सबैको अधिकारको रक्षा गर्नु मानवता विरुद्ध कार्य हो ? यदि होइन भने कहाँ भ्रमित भइराखे छौ, आउनुस् लाइलाहा इल्लल्लाह मुहम्मदुर्रसूलुल्लाहको उच्चारण गर्नुस् र इस्लाममा प्रवेश गर्नुस्, र मिथ्या पूज्यहरूलाई त्यागिहाल्नुस् ।

हे भाइ प्रलयको दिन तपाईको निम्ति कुनै सिफारिश काम लाग्ने छैन, र कुनै षडयन्त्र सफल हुने छैन, तपाईको कर्म नै तपाईको काम लाग्ने छ । तसर्थ सत्यबाट मुख नफर्काउनुस् सत्यलाई अङ्गीकार गर्नुस् र त्यसैमा सुदृढ रही आफूलाई र आफ्ना घरपरिवारलाई नर्कको कष्टदायक सजायबाट बचाउनुस् । अल्लाहको फर्मान छ :

अर्थ : हे मोमिनहरू ! स्वयं आफूलाई र आफ्ना घरवालाहरूलाई त्यस आगोबाट बचाऊ, जसको

ईन्धन मुनष्य र पत्थर हुनेछन्, जसको लागि कठोर स्वभावका, यस्ता बलशाली फरिश्ताहरू नियुक्त हुनेछन् जसले त्यसमा अल्लाहको अवज्ञा गर्दैनन् बरु जे आदेश पनि दिइन्छ, त्यसलाई कार्यान्वित गर्दछन् । ( सूरतुत्तहरीम ६ )

# इस्लामको सत्यतामाथि अदभुत प्रमाण

इस्लामको सत्यतामाथि सबै भन्दा ठूलो प्रमाण इस्लामीय ग्रन्थ कुरआन हो ।

**कुरआन** : कुरआन अल्लाहको अन्तिम सन्देष्टा हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि लोकप्रिय स्वर्गदूत हजरत जिब्रीलको माध्यमले अवतरित गरियो ।

यस संसारमा अल्लाहले अनेकौं ग्रन्थहरू अवतरित गरे तर त्यो सबै परिवर्तित भए, अनि अल्लाहले अन्तमा आफ्नो भक्त मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि आफ्नो अन्तिम ग्रन्थ अवतरित गऱ्यो । जुन कुनै विशेष समुदायको लागि विशेष छैन, बरु समस्त ब्रह्माण्डमा बस्ने प्राणीहरूको लागि मार्गदर्शक र पथप्रदर्शक हो । र यसको सुरक्षाको जिम्मेवारी अल्लाहले स्वयम् आफै नै लिनु भएछ, र साथै समस्त ब्रह्माण्डमा बस्नेहरूलाई यो चेलेन्ज ( हाँक ) पनि दिनु भयो कि यदि कुनै दुष्ट यो भन्न

आँट गर्छ कि कुरआन मेरो वाँणी होइन भने यसै जस्तो उच्च कोटिको वाँणी बनाएर ल्याओस् । अल्लाहको फर्मान छ :

अर्थ : (निःसन्देह) हामीले नै कुरआनलाई उतारेका छौं र हामीनै यसको संरक्षक हौं । ( सूरतुल् हिज्र ९ )

र आर्को सूरतमा अल्लाहको वर्णन छ :

अर्थ : के यिनीहरू कुरआनमा चिन्तन-मनन् गर्दैनन् ? यदि यो अल्लाह बाहेक अरु कसैको तर्फबाट भएको भए त्यसमा निःसन्देह (धेरै) विरोधाभाषपूर्ण कुराहरू पाउने थिए । ( सूरतुन् निसा ८२ )

र आर्को सूरतमा अल्लाहको वर्णन छ :

अर्थ : हामीले आफ्ना सेवकमाथि जे उतार्‍यौं, त्यसमा तिमीलाई यदि शंका छ र तिमी साँचो भए त्यस्तै एउटै (सूरह) बनाएर देखाऊ, र तिमीले अल्लाह बाहेकका आफूलाई मद्दत गर्नेहरूलाई बोलाई ल्याऊ । तर यदि तिमी गर्न सकेनौं भने र तिमी कहिल्यै पनि गर्न सक्दैनौं (तसर्थ) त्यस

आगोसंग डराऊ जसको इन्धन मानिस र ढुङ्गाहरू हुन् । जुन नास्तिकहरूका लागि तयार गरिएको हो । ( सूरतुल् बकर: २३,२४ )

र आर्को सूरतमा अल्लाहको वर्णन छ :

अर्थ : भनिदिनुस् कि यदि सबै मानिसहरू र सबै जिन्नहरू मिलेर यस कुरआन जस्तो ल्याउन चाहे पनि यस कुरआन जस्तो बनाई ल्याउन असम्भव छ । यद्यपि तिनीहरू एक अर्काको मद्दतगार किन नबनुन् । हामीले त यस कुरआनमा मानिसहरूलाई बुझ्नुको लागि सबै कुराहरू विभिन्न तरिकाले वर्णन गरिदिएका छौं, तर धेरै मानिसहरूले इन्कार गर्न छाड्दैनन् । ( सूरतुल् इस्रा ८८,८९ )

उपरोक्तका आयतहरूबाट यो प्रष्ट हुन्छ कि कुरआन वास्तवमा अल्लाहको वाणी हो । अल्लाहले जब यो चेलेन्ज पूरा विश्वलाई दिए त त्यस बखत अरबमा बस्ने ती विद्वानहरू जुन आफ्नो साहित्यमाथि यति गर्व गर्थे कि आफू बाहेक सबैलाई अजमी ( लाटो ) को उपाधिले सम्बोधित गर्थे तिनीहरू पनि यस कुरआन जस्तो उच्च

कोटिको वाणी प्रस्तुत गार्नुबाट असमर्थ भए, र भन्न थाले निःसंदेह यो कुनै मनुष्यको वाणी होइन, जब कि ती विद्वानहरू यस कुरआनमा आस्था राख्दैन्थे र इस्लामको इन्कारी थिए , तै पनि सत्यलाई सत्य भन्नुमा बाध्य भए। र उनीहरू मात्र होइन अल्लाहको यो चेलेन्ज आज पनि बाँकी नै छ तर छ कोही जुन यस हाँकलाई स्वीकार गरोस् ? कदापि छैन । आज सम्म मानव दानव मिलेर पनि यस्तो उच्च कोटिको वाणी ल्याउन सकेनन्, त यसको अर्थ मात्र यो नै हो कि यो वास्तवमा विधाताको वाणी हो ।

तसर्थ हे मानवगण ! यो सिद्ध भए पश्चात कि कुरआन अल्लाहको वाणी हो, र इस्लाम नै विधाताले पठाएको शुद्ध एवं उत्तम धर्म हो, अनि तपाईहरूलाई कुन कुरोले बाध्य गरेछ कि तिमीहरू सत्यलाई स्वीकार गर्दैनौं । के तिमीहरू कसैको दासत्वले बाध्य बनाए छ वा तिमीहरू संसारिक मोह मायाका दास बनिसकेका छौ ?

हे भाइ ! यस संसारिक मोह मायाबाट बाहिर आऊ, त्यसको दास बन जसको दासत्वमा सबै छन् राजा

होस वा प्रजा, अमीर होस् अथवा गरीब पुरुष होस् वा महिला सबै उसै एक अल्लाहका दास हुन् । तसर्थ हे भाइ तिमी त्यो समय भन्दा अघि नै इस्लाममलाई स्वीकारी हाल कि तिम्रो मृत्यु आई पुगोस् अनि भन्न थाल कि हे विधाता मलाई अरु एक पटक धर्तीतर्फ प्रस्थान गर्ने अवसर प्रदान गर, यस पटक पक्कै तिम्रो साँचो धर्म इस्लामलाई अङ्गीकार गर्नेछु, र तिम्रो निर्देशनहरूको अनुकरण गर्नेछु, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको अनुयायी बनी आफ्नो जीवन व्यतीत गर्नेछु । तर त्यस समय केही सुनिने छैन किनकि विधाता आफूले बनाएका कानूनहरूको आफै उल्लंघन गर्दैनन् यो उसको निसाफ विरुद्ध छ। यस संसारमा हामीलाई जति आयु प्रदान गरिएको छ त्यति नै हाम्रो लागि पर्याप्त छ त्यसमा घटथप हुने छैन । अल्लाहको फर्मान छ :

अर्थ : र जे हामीले तिमीलाई प्रदान गरेका छौं, त्यसबाट खर्च गर यसभन्दा अगाडि कि तिमी मध्ये कसैको मृत्यु भईहालोस् र (त्यसबेला) भन्न थालोस् कि हे मेरो पालनकर्ता अरु समय किन दिएनौ ? म

दान गर्दथें र असल मानिसहरूमा शम्मिलित भई हाल्थें । तर अल्लाहले कुनै व्यक्तिलाई जब उसको निर्धारित समय आई पुग्दछ तब कदापि मोहलत दिंदैन । र जे तिमीले गर्दछौ अल्लाह त्यो सबैबाट अवगत छ । ( सूरतुल् मुनाफिकून १०,११ )

तसर्थ हे मानवजाति ! सत्य पथमा चल्ने प्रयत्न गर र सबै संदेह र संकोचलाई छाडी निःसंकोच इस्लाममा प्रवेश गरिहाल ।

# मीडिया आतंकवाद र इस्लाम

जब कसै मान्छेलाई इस्लामको सत्यतामाथि विश्वास भइजान्छ त त्यस व्यक्तिलाई हाम्रो मीडियाहरू भ्रममा पार्ने दुष्प्रयास गर्छन्, यो मीडियाको इस्लाम विरुद्ध सबै भन्दा घृणित दोषारोपण हो । र जस मुख्य एजण्डाद्वारा इस्लामको अनुहारलाई कलंकित गर्ने प्रयास गरिन्छ त्यो हो **आतंकवाद**को विषय ।

तपाईलाई कदाचित यो थाहा होस् कि मीडिया माथि यहूदीहरूको अधिपत्य छ, अब चाहे तयो हाम्रो मीडिया होस् वा छिमेकी देश भारतको, चीनको मीडिया होस् वा जापानको, अमेरिकाको मीडिया होस् वा बिलायतको, अर्थात यस संसारको अर्थ व्यवस्था एवं मीडियामाथि यहूदीहरूको अधिपत्य छ, यो कुनै लुकेको कुरो होइन बरु यो सूर्य जस्तै प्रकाशमान छ । र इस्लामका शत्रुहरू मध्ये सबै भन्दा ठूलो शत्रु यहूदी नै हुन्, यो कुरो पनि कुनै रहस्यको कुरो होइन, विगतमा भएका

युद्धहरू यसको साक्षी छन, र प्रमाणको लागि पर्याप्त छन् ।

अब यो उखानतर्फ ध्यान दिनुस् “ जसको हूरो उसैको कूरो ” र यस्तै हिन्दी भाषामा एउटा उखान छ “ जिसकी लाठी उसकी भैंस ” तात्पर्य यो कि मीडिया यहूदीहरूको हातमा छ अब जे चाहे गरुन् । अर्थात त्यस मीडियाको प्रयोग जसको विरुद्ध चाहन्छन् गरिहाल्छन् कुनै रोकटोक गर्नेवाला छैन, अर्थ व्यवस्था पनि उनीहरूको हातमा र मीडिया पनि उनीहरू कै हातमा यदि कोही विरोध गर्न चाहोस् तै पनि गर्न सक्दैन । तसर्थ उनीहरू जे भन्छन् त्यसैलाई सत्य मान्नुमा सबै बाध्य छन्, तर वास्तवमा सत्य के हो यसको पत्तो त अनुसंधान गरे पश्चात नै थाहा हुनेछ। यो कहाँको निसाफ हो कि कसैलाई पनि इस्लामी लुगा लगाएर भनिदेऊ कि यो हेर मुस्लिमहरू आतंकवादी हुन् र इस्लाम आतंकवादको धर्म हो । के यो नै निसाफ हो ? के यो नै न्याय हो ?

यदि सत्य चाहिन्छ भने मीडियाको षडयन्त्र र पाखण्डमा नआउनुस् बरु इस्लामका निर्देशनहरूको

अध्यन गर्नुस् अनि दूध र पानीमा फर्क स्वतः भइजाने छ ।

र दोस्रो कुरो के छ भने इस्लामका विरोधीहरू एउटै समूह वा मान्छेलाई आफ्नो स्वार्थको लागि नायक पनि बनाउँछन् र आफ्नो काम सिद्धेपछि त्यसैलाई आतंकवादी र आतंककारी पनि भन्छन् जस्तो कि सद्दाम हुसैन र तालिबानसंग भयो । रशिया विरुद्ध युद्ध गर्ने बेला तालिबानलाई नायक घोषित गर्ने अमेरिका जब त्यस समयको सूपरपावर रशियालाई तालिबान द्वारा टुक्रा टुक्रा पारी पराजित गऱ्यो र स्वयम् सूपरपावर भयो, अनि त्यही तालिबान जसलाई हीरो भनेर त्यसको जिब्रो थाक्दैनथ्यो र जसको सहायताले त्यो सूपरपावर भयो त्यसैलाई आतंकी घोषित गऱ्यो । त हे प्रिय पाठक यो कस्तो न्याय हो र कस्तो कानून हो कि तपाई जसलाई चाहनुस् आतंकी घोषित गरिदऊ र जसलाई चाहनुस् हिरो भन्नुस् । र यस्तै नेलसन मुन्डेलालाई आतंकी भन्नेहरूले नै त्यसलाई शान्ति पुरस्कार अर्पण गरे यो कस्तो दोहरो पालिसी हो ?

र तेस्रो कुरो के छ भने यदि कुनै धर्मका केही अनुयायीहरू कुकर्मको मार्गमा लाग्छन् भने यसमा धर्मको के दोष, यदि धर्मको केही दोष छ भने यस विश्वमा कुनै धर्म यस्तो छैन जसका समस्त अनुयायीहरू सुकर्मी नै होउन्, अर्थात हामी सबै धर्मलाई आतंकवादको धर्म भन्न लागौं मात्र इस्लाम नै किन !

हे सर्वश्रेष्ठ जीवधारी ! अल्लाहको फर्मान छ :

अर्थ : यस कारणले हामीले इस्राईलका मानिसहरूका लागि यो आदेश गऱ्यौं कि यदि कुनै मानिसले कुनै मानिसको हत्या गर्दछ कसैको हत्या गरेको वा देशमा उपद्रव फैलाउने बाहेकको अवस्थामा, भने त्यसले अन्य तमाम मानिसहरूको हत्या गरे सरह हुनेछ, र यदि कसैले एउटाको जीवन बचायो भने सम्पूर्ण मानिसहरूको जीवन बचाए सरह हुन्छ। र तिनीहरू कहाँ हाम्रा धेरै पैगम्बरहरू स्पष्ट तर्कहरूलिएर पुगिसकेका छन् । अनि यसपछि पनि तिनीहरूमध्ये धेरैले मुलुकमा बलजफ्ती र ज्यादती गर्ने गर्दछन् । ( सूरतुल् माइदः ३२ )

र आर्को ठाउँमा उल्लेख छ :

अर्थ : जुन मानिसहरूले तिमीसित धर्मको बारेमा युद्ध गरेनन् र न तिमीलाई तिम्रा घरहरूबाट निष्कासित गरे, उनीहरूसँग राम्रो र न्यायपूर्ण व्यवहार गर्नबाट अल्लाहले तिमीलाई मनाही गर्दैन । अपितु अल्लाहले त न्याय गर्नेहरूसँग प्रेम गर्दछ । ( सूरतुल् मुम्तहिना ८ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : त्यस व्यक्तिले स्वर्गको सुगन्ध पनि पाउने छैन जसले यस्तो व्यक्तिको हत्या गऱ्यो जसको मुसलमानहरू सित संधि थियो......। ( बुखारी )

र यस्तै एउटा आर्को हदीसमा वर्णन छ :

अर्थ : एक जना आईमाईलाई यस कारण सजाय दिइयो किनकि उसले एउटा बिरालोलाई नमरुन्जेल बाँधि राखेका थिइन् नत त्यसलाई भोजन दिइन् नत त्यसलाई छाडिन् कि त्यो आफै आहार खोजोस् ..... । ( बुखारी, मुस्लिम )

यसबाट र यस जस्ता अरु आयत र हदीसहरूबाट के प्रष्ट हुन्छ भने असहाय र जनसाधारणलाई भयभीत र आतंकित गर्नु, भवन र सम्पत्तिलाई क्षति पुऱ्याउनु, बम बिस्फोटद्वारा सर्वसाधारणको ज्यान लिनु .....आदि, यसको इस्लाममा कुनै स्थान छैन, र इसलाम र मुसलमानहरू यस्ता क्रियाकलापको भर्त्सना र निन्दा गर्छन्। मुसलमानहरू त शान्ति र दया एवं क्षमादान दिने धर्मको अनुशरण गर्छन्, यस्ता आतंकी कार्यहरूबाट इस्लामको कुनै सम्बन्ध छैन जस्तो कि आजको मीडिया यस धर्मलाई कलंकित गर्ने प्रयासमा छ।

इस्लाम वास्तवमा मानवजाति बीच कुनै भेदभाव गर्दैन अल्लाहको फर्मान छ :

अर्थ : हे मानिसहरू ! हामीले तिमीहरू सबैलाई एउटै पुरुष र एउटी स्त्रीबाट सृष्टि गऱ्यौं र तिमीलाई जातविरादरी र कबिलाहरू (समूहरू) को रूप दियौं, ताकि तिमीले एक अर्कालाई चिन्न सक । (वास्तवमा) अल्लाहकहाँ तिमी मध्ये सर्वाधिक प्रतिष्ठित त्यो हो जो कि तिमीहरू मध्ये (अनुचित कर्मबाट) बढी भय गर्नेवाला हुन्छ। निश्चय नै

अल्लाह सबै कुरा जान्दछ, ऊ सर्वज्ञ छ। ( सूरतुल् हुजुरात १३ )

अल्लाहले त समस्त मानवलाई एकनास सृष्टि गरेछन् अनि किन कसैलाई हामीले आतंकित गर्ने ? र किन कसैलाई अकारण आतंकी भन्ने ?

यदि मानव बीच कुनै भेदभाव हुँदैन भने आतंकवादको अविष्कार कहाँबाट हुन्छर ? आतंकवाद त त्यस समय नै अविष्कृत हुन्छ जब भेदभाव गरिन्छ, जसलाई त्यसको हक अधिकार शुद्ध तरिकाले मिल्दैन त्यो नै आतंकको बाटोमा लाग्छ । जब कसैलाई न्यायपूर्ण तरिकाले हक मिल्दैन त त्यो कुबाटो तर्फ नै लाग्ने छ यो कुनै अचम्मको कुरो होइन । व्यभिचार बलात्कार किन बढी राखेको छ किनकि युवाहरूलाई शुद्ध तरिकाले र शारीरिक अवश्यकताको आयुमा विवाह नगरेको कारण नै यो दुष्कर्म गर्नेतर्फ लाग्छन्, यदि सही समयमा उनको विवाह भएको भए यस कुकर्मतर्फ आकर्षित हुदैन्थे । तर यसमा लिप्त भए पश्चात यसलाई छाडनु पनि अति गाह्रो कुरो र असंभव जस्तै भइजान्छ। यस्तै यदि एक चोटि कुनै मान्छे

आतंकको बाटोमा हिंड्नुमा बाध्य भयो भने त्यसलाई यो छाडनु पनि असंभव जस्तै भइहाल्छ । र कुनै मान्छे यो पनि नबुझोस् कि कुनै मानछे यस्ता कुकर्मतर्फ प्रसन्नता पूर्वक लाग्छ सबैलाई आफ्नो आत्मासम्मान प्रिय हुन्छ कुनै मान्छे आफूलाई आतंकीको नामबाट सम्बोधित गर्नुमा प्रसन्न हुँदैन, को आफ्नो बा आमा छोरा छोरीलाई खुशी खुशी छाड्न चाहन्छ, तर कुनै बाटो न बचेको खण्डमा नै कुनै मान्छे यस बाटोमा हिंडेन बाध्य हुन्छ ।

त हे प्रिय भाइहरू ! किन न हामी त्यस धर्मका अनुयायी बनौं जुन सबैलाई पूर्ण अधिकार प्रदान गर्छ र सबैको पूर्ण हक दिन्छ, र जसका निर्देशनहरू कसैलाई कसैमाथि प्रधानता प्रदान गर्दैन । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : कुनै अरब व्यक्ति कुनै गैर अरब भन्दा श्रेष्ठ छैन, र कुनै गैर अरब अरबभन्दा श्रेष्ठ छैन, र कुनै गोरो कालो भन्दा श्रेष्ठ छैन, र कुनै कालो कुनै गोरो भन्दा श्रेष्ठ छैन, यदि श्रेष्ठ छ भने सदाचारी र सत्यवान नै सर्वश्रेष्ठ छ । ( मुस्नद अहमद )

हे मानवगण ! इस्लामका विशेषताहरू यति छन् कि त्यसलाई वर्णन गर्नु असम्भव छ, र मैले वर्णन गरेका विशेषताहरू त मात्र उस्तै छ जस्तो सूर्यलाई द्वीप देखाउनु ।

उपरोक्तमा वर्णन गरिएका कुराहरूबाट यो प्रष्ट भयो कि इस्लाम नै सत्य धर्म हो, र यसका निर्देशनहरू नै अद्‌भुत छन् र यसको प्रमाण विगतका ग्रन्थहरूमा पनि मिल्छ, जस्तो कि पछाडी नै वर्णन गरेछु । र यस धर्मलाई ल्याउने सन्देष्टाको पनि वर्णन प्रत्येक आकास्मिक ग्रन्थहरूमा पाइन्छ जस्तो कि हिन्दू धर्ममा **नराशंस, कल्की**को नामले उल्लेख छ । त यहूदी र ईसाई र बौद्ध धर्ममा AHMAD, AHMED, AIMIT, AIMID, MAHMAD, MOHMED को नामले उल्लेख छ ।

त हे सत्य पथका अभिलाषीहरू ! इस्लाम धर्म नै सत्य धर्म हो, यसमा कुनै संदेह बाँकी छैन बरु तपाईलाई पनि थाहा भइहाल्यो होला कि यो नै विधाताको अन्तिम विधान हो, र कुरआन नै विधाताको अन्तिम ग्रन्थ हो, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम नै विधाताको अन्तिम सन्देष्टा हुन् ।

तसर्थ आफ्ना सबै शंका संकोच र संदेहलाई पर फाली निःसंकोच इस्लाममा प्रवेश गरिहाल । यो तिम्रो नै धर्म हो कसैबो जागीर होइन, एउटा हिन्दीको उखान छ कि “ सच किसी के बापका नहीं चो बोले उसी का ” अर्थात सत्य कसैको एकलौटी होइन जुनसुकै मान्छे पनि सत्य बोल्न सक्छ र जुन मान्छे पनि सत्य बोल्छ सत्य त्यसैको हो ।

यसर्थ सत्य धर्म तपाईको लागि नै अवतरित गरिएको हो यसलाई सुदृढतापूर्वक समात र यसका निर्देशनहरू बमोजिम आफ्नो जीवन व्यतीत गर्ने प्रयत्न गर । गदि तपाई इस्लामलाई अपनाउछौ भने अल्लाह तपाईहरूलाई अपनाउने छ र तिम्रो पालनकर्ता तिमीहरूलाई यस्ता स्रोतहरूबाट अनुकम्पा प्रदान गर्नेछ जसको कुनै मनुष्य कल्पना पनि गर्न सक्दैन । र तिमीहरू माथि आफ्नो अनुग्रहद्वारा यस्तो शान्ति एवं संतुष्टि अवतरित गर्नेछ जसको आभासलाई त्यो मान्छे नै वर्णन गर्न सक्छ जसमाथि त्यो अवतरित होस् । र तिम्रा सबै

पापहरूलाई क्षमा गरिदिने छ , र सदैवको लागि स्वर्गमा प्रवेश दिनेछ ।

त हे मानवजाति ! आफ्नो विधातालाई पहिचान, र सत्य धर्मलाई पहिचान, र बहुदेववाद र नास्तिकतालाई त्याग, र एकेश्वरवादमा विश्वास गर किनकि यो नै सत्य आस्था हो । र यसैद्वारा नै हामी स्वर्ग पाउने छौं, र आफूलाई नर्कको आगो र यातनाबाट बचाउन सक्छौं, र साथ साथै आफ्नो घरपरिवारलाई पनि अल्लाहको यातनाबाट बचाउन सक्छौं ।

यसर्थ यदि शान्ति र सफलता चाहन्छौ भने इस्लाममा प्रवेश गरी लोक परलोकमा लाभन्वित हुने सुअवसर प्राप्त गर । हे अल्लाह हामी सबैलाई सुमार्गी बनाऊ, र आफ्ना भ्रमित भक्तहरूलाई इस्लामको दर्शन गराई सुमार्गी बन्ने सुअवसर प्रदान गर ।

मलाई आशा छ कि यो लेख तपाईहरूको लागि लाभप्रद सिद्ध भयो होला, यदि मैले कुनै त्रुटि गरेछु

भने क्षमा र सुझावको अभिलाषी छु साथै तपाईहरूको दुआ आशिर्वादको प्रार्थी पनि छु ।

# सादर अनुरोध

हे प्रिय पाठकहरू ! यो सानो पुस्तकमा जुन वर्णन गरिएको छ त्यसलाई ध्यानपूर्वक सोचनुस् र विचार गरी सत्मार्गलाई अपनाउनुस्, यदि यसलोक र परलोकको कल्याण एवं शान्ति चाहनु हुन्छ भने सोझो मार्ग इस्लामलाई अपनाई उसै बमोजिम हिंड्नुस् किनकि यही नै स्रष्टाले अवतरित गरेको मार्ग हो, र यो धर्म नै सर्वव्यापी धर्म हो ।

यो संसारका सम्पूर्ण धर्महरूलाई हेर्दाखेरि यो लाग्छ कि केवल इस्लाम नै सर्वोत्तम र सर्वमान्य एवं सर्वव्यापी धर्म हुन सक्छ ।

हे मानवजाति ! इस्लाममा शम्मिलित भइहाल, र यसलाई अङ्गीकार गर्नुमा कुनै पंडित र मोलवी एवं धर्मगुरु चाहिन्न बरु आफ्नो हृदयले पूर्ण विश्वास एवं आस्थाको साथ **लाइलाहा इल्लल्लाह, मुहम्मदुर्रसूलुल्लाह** भन्ने बित्तिकै कुनै व्यक्ति पनि मुस्लिम भइहाल्छ, यस मन्त्र (श्लेक)को अर्थ हो

**अल्लाह बाहेक कुनै सत्य पूज्य छैन, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम उसको संदेशवाहक हुन् ।**

तत पश्चात यो आस्था पनि राख्नु कि कुरआन अल्लाहको साक्षात वाणी हो, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गरिएको अन्तिम ग्रन्थ हो । र अल्लाहका सबै संदेष्टाहरू माथि आस्था राख्नु साथै फरिश्ताहरू मथि पनि, र यो आस्था राख्नु कि उनीहरू हामी जस्तै सृष्टि हुन् र उनीहरूलाई अल्लाहले नूर ( प्रकाश ) बाट जन्मायो । र प्रलयको दिनमाथि आस्था राख्नु एवं भाग्यमाथि पनि आस्था राख्नु कि जे पनि घटित हुन्छ सबै अल्लाहले निर्धारित गरेका भाग्य बमोजिम नै घटित हुन्छ ।

अन्तमा मेरो अल्लाह सित के प्रार्थना छ भने म यही विन्ती गर्छु कि हे अल्लाह हाम्रा समस्त पाठकहरूलाई मार्गदर्शन गर, र सबैलाई आफ्नो दयाको पात्र बनाऊ र सबैलाई स्वर्गको बाटो देखाऊ । सबैको त्रुटिलाई क्षमा गर, र सबैलाई

इस्लाम स्वीकार गर्ने सौभाग्य प्रदान गर, र सबैलाई नर्कको यातनाबाट बचाइहाल ।

**हे हाम्रो पालनकर्ता** हामी मध्ये जुन विरामी छन् उनीलाई संचो पारिदेऊ, जुन निसंतान छन् उनीलाई आफ्नो कृपाले संतान प्रदान गर तेरो महिमा अपरम्पार छ, र हामी मध्ये जुन निमुखा निसहाय छन् उनीलाई आफ्नो अनुकम्पाबाट प्रदान गरी समृद्ध बनाइदेऊ, र उनको संकुचित अवस्थालाई आफ्नो कृपाले पवित्र रोजी देऊ र हाम्रो हृदयबाट संसारिक मोह मायालाई झिकी परलोकको माया सृजना गरिदेऊ, र हाम्रा पाइलाहरूलाई सत्मार्गमाथि सुदृढ गरिदेऊ ।

**हे पालनकर्ता** हामीलाई यस्तो सुकर्मको सुअवसर प्रदान गर जुन लोक परलोक दुवैमा हाम्रो निम्ति लाभदायक सिद्ध होस् र तिम्रो प्रसन्नताको कारण बनोस्, तिम्रो त्यो प्रसन्नता जसलाई प्राप्त गरी तिम्रा संदेष्टाहरू धन्य भए र स्वर्गको पात्र भए ।

**हे पालनकर्ता** हामी सबैलाई आफ्नो सत्यबाटो इस्लाममाथि चल्ने शक्ति एवं भक्ति प्रदान गरी स्वर्ग प्रदान गर । (आमीन)

# समाप्त


**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com
**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# विषय सूची


| क.सं. | शीर्षकहरू | पृष्ठ |
|---|---|---|
| 1 | प्रस्तावना | 2 |
| 2 | इस्लामको संक्षिप्त परिचय | 5 |
| 3 | इस्लाम धर्म अवतरित गर्नुका उद्देश्यहरू | 14 |
| 4 | इस्लाम समस्त संसारको उद्धारक | 16 |
| 5 | इस्लामका मूल सिद्धान्तहरू | 19 |
| 6 | इस्लाममा पारिवारिक र गृहस्थीय जीवनको परिकल्पना | 28 |
| 7 | इस्लाममा सामाजिक जीवन | 35 |
| 8 | इस्लाम प्रकृतिक धर्म | 45 |
| 9 | सातौं मुद्दाः नीति । | 78 |
| 10 | इस्लामको सत्यतामाथि अदभुत प्रमाणहरू | 51 |
| 11 | मीडिया आतंकवाद र इस्लाम | 57 |
| 12 | सादर अनुरोध | 69 |